# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असोज ५ गते २०६० साल (संख्या २४

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पतालको लागि नेपाली मेड लर्जेस्वर्ग बाट उपहार स्वरूप प्राप्त हुने युरो २,५००.०० मूल्य बराबरको अल्ट्रासाउण्ड उपकरण/सामग्रीहरू आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी हङ्कङ्गमा व्यवसाय गरी हाल अष्ट्रेलियामा रहेका दीपक खड्काले नेपालका प्राकृतिक प्रकोप पिडित व्यक्तिहरूका लागि समाज कल्याण परिषद् मार्फत निःशुल्क उपलब्ध गराउने हङ्कङ्ग डलर २,०७,३२०.०० मूल्य बराबरको तयारी तथा अन्य कपडाहरू आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी अखिल नेपाल फुटवल संघलाई दक्षिण एशियाली फुटवल महासंघबाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ३,२६०.०० मूल्य बराबरको देहायका खेलकुद सामग्रीहरू आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. Football Boots - 500 Pairs
२. Football - 550 Pcs
३. Football Nets - 10 Sets
४. Ball Caring Nets - 10 Pcs

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी सगरमाथा चौधरी आँखा अस्पतालको लागि Christoffel-Blindenmission बाट उपहार स्वरुप प्राप्त हुने देहायका आँखा उपचारका सामग्रीहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क्र सं. | सामानको विवरण | मूल्य |
|---|---|---|
| 1. | TOPCON Auto Refractoeter with AIT-15 and T-TOP 15 | $6,930.00 |
| 2. | Tagaki Slit Lamp with Motoriced Table ST-25 and Tonometer Mount | Yan 646,000.00 |
| 3. | Mayo OT Trolleys TH: 0605:00+S/S Trays | £ 2,224.20 |
| 4. | B scan (cinescan), Mainster Indirect Fundus Contact lens, Laser equipment, Fundus, smaister contact glass,.. | Euro 31,713.10 |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गत व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रका लागि जर्मनीको DAAD नामक संस्थाबाट उपहार स्वरुप प्राप्त हुने युरो १०,०५५.५१ मूल्य बराबरको वैज्ञानिक उपकरणहरू आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी भारतीय Recruiting Team अगष्ट १३, २००३ मा मेची भन्सार, काँकड्भिट्टाबाट नेपाल प्रवेश गरी अगष्ट २४, २००३ मा सोही भन्सार-बाट भारत जाने हुँदा सो Team ले प्रयोग गर्ने सवारी साधनमा लाग्ने अस्थायी पैठारी महसुल छुट दिने निणय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी प्रहरी प्रधान कार्यालयले भारतबाट आयात गर्ने भा. रू, ५,६०, १००।- मूल्य बराबरको लाइट ड्यूटी लेथ मेशिनहरू ५ थान र मलेशयाबाट आयात गर्ने अमेरिकी डलर १,४७,४८६.५५ मूल्य बराबरको मोटोरोला सञ्चार साधन तथा स्पेयर पार्टस्मा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी प्रहरी प्रधान कार्यालयले डेनिश सरकारबाट सहयोग स्वरुप प्राप्त गर्ने डेनिश क्रोनर २,०३,६००.०० मूल्य बराबरको औंठाछापका सामान-हरू आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सहसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको २०६० साल श्रावण २६ गतेको निर्णयानुसार राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क.सं. | नाम, थर | साबिकको पद र मन्त्रालय/सचिवालय | हाल सरुवा भएको पद र मन्त्रालय |
|---|---|---|---|
| १. | श्री अनन्तराज पाण्डे | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | सचिव, गृह मन्त्रालय |
| २. | श्री टीकादत्त निरौला | सचिव, गृह मन्त्रालय | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| ३. | श्री तीर्थराज शर्मा | सचिव, मन्त्रिपरिषद् सचिवालय | सचिव, सामान्य प्रशासन मन्त्रालय |

आज्ञाले,
सीताराम खनाल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९६०
मुद्रण विभाग, सिंहदरबार